नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १२५ २०७७ साल मंसिर २९ गते सोमबार (14 Dec. 2020 Monday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : नेपालको मानव विकास ... ३ पृष्ठमा : नयाँ चालक अनुमतिपत्र ... ३ पृष्ठमा : लाहोरको प्रदर्शन रोक्न ...

# दुई सय ५० लिटर डिजलसहित तीन पक्राउ, स्थानियद्वारा बिरोध प्रदर्शन





**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

लुकिछिपी भारततर्फ डिजल निकासी गर्ने क्रममा प्रहरीले तीन जनालाई पक्राउ गरेको बिरोधमा आइतबार सप्तरीको छिन्नमस्ता गाउँपालिकामा प्रदर्शन भएको छ । पक्राउ परेकाहरुलाई रिहाईको माँग गर्दै स्थानियले सो प्रदर्शन गरेका हुन् ।

डिजल बोकेर भारततर्फ जाँदै गरेको अवस्थामा आइतबारै बिहान प्रहरीले दशगज्जा क्षेत्रबाट सोही गाउँपालिका निवासी सुरेन्द्र यादव, अरबिन्द मण्डल र लालबाबु मण्डललाई प्रहरीले पक्राउ गरेको थियो ।

दुई वटा मोटरसाइकल र एउटा साइकलमा लोड गरि २ सय ५० लिटर डिजल लिएर भारतर्फ जाँदै गर्दा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी भुवनेश्वर साहले जानकारी दिएका छन् ।

भारतीय बजारमा महँगोमा बिक्रि हुने भएकाले नेपालबाट खरिद गरि डिजल भारतीय बजारमा बिक्रि हुने गरेको प्रहरीको भनाई छ ।

यता प्रदर्शनकारीहरुले इलाका प्रहरी कार्यालय छिन्नमस्ता अगाडी करिब दुई घण्टा बिरोध प्रदर्शन गर्दै पक्राउ परेकाहरुलाई रिहा नगरिए आन्दोलन चर्काउने चेतावनी दिएका छन् ।

# मृतक परिवारलाई आर्थिक सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

केही महिनाअघि भारतीयहरुको कुटाइबाट मृत्यु भएका सप्तरीको डाक्नेश्वरी नगरपालिका निवासी रामदेव यादवका परिवारलाई नगरपालिकाले आर्थिक सहयोग प्रदान गरेको छ ।

सो गाउँपालिका वडा नं ६ कटैया गाउँमा भारतिय सिमानामा खेतमा बालि खाएको बिषयमा केही महिना अघि झगडा हुँदा केही भारतीयको कुटपिटबाट यादवको मृत्यु भएको थियो ।

मृतक यादवका श्रीमतीलाई डाक्नेश्वरी नगरपालिकाका उपप्रमुख ईन्दुदेवी यादवले आर्थिक सहयोग स्वरुप ५१ हजारको चेक हस्तान्तरण गरेकी थिइन् ।

पीडित परिवारलाई जीवनयापन तथा छोराछोरीको गुजारा चलाउन कठिनाई भइरहेको बेला नगरपालिकाले आर्थिक सहयोग प्रदान गरेको स्थानियबासी महेन्द्र सदाले जानकारी दिए ।

# स्थानिय सरकार परियोजना व्यवस्थापन समितिको बैठक सम्पन्न




**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

सुरक्षित आप्रवासन परियोजना अन्तरगत स्थानिय सरकार परियोजना व्यवस्थापन समितिको बैठक आइतबार राजविराजमा सम्पन्न भएको छ ।

राजविराज नगरपालिकाको आयोजना तथा सप्तरी सामुदायिक विकास केन्द्र नेपालको सहकार्यमा बैठक सम्पन्न भएको हो ।

बैदेशिक रोजगारलाई सुरक्षित एवं मर्यादित तथा उपलब्धीमूलक बनाउन स्थानिय सरकारको भूमिका बारे तथा चालु आ.ब.को पहिलो चौमासिक प्रगति प्रतिवेदन, समिक्षा तथा आगामी कार्ययोजना सम्बन्धी बैठकमा छलफल भएको संस्थाका परियोजना संयोजक राजेन्द्र यादवले जानकारी दिएका छन् ।

राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवको अध्यक्षतामा सम्पन्न बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, कंचनरुप नगरपालिका प्रमुख बसन्त मिश्र, राजगढ गाउँपालिकाका अध्यक्ष परमानन्द यादव, शम्भुनाथ नगरपालिकाका उपप्रमुख कबिता कुमारी सरदार, राजविराज नगरपालिकाका प्रमुख प्रसाशकीय अधिकृत मदन थापा, कंचनरुप नगरपालिकाका अधिकृत नवराज खडका, चारै पालिकाका सामाजिक शाखा प्रमुख तथा रोजगार संयोजक, जिल्ला हेल्भेटास नेपाल (सामी) का प्रदेश संयोजक बिजय ठाकुर, कार्यक्रम अधिकृत रामप्रमेश मण्डल, संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीलगायतको सहभागिता रहेको थियो ।

सो बैठकमा संस्थाका कार्यक्रम संयोजक राजेन्द्र यादवले चौमासिक तथा प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए भने हेल्भेटास नेपालका प्रदेश संयोजक बिजय ठाकुरले सामी परियोजना बारे बिस्तृत जानकारी गराएका थिए ।



## सम्पादकीय ....

# तीनै तहका सरकार एकअर्काको परिपुरक हुन भन्ने बिर्सनु हुन्न

अहिले मुलुकमा तीन तहका सरकार रहेका छन् । संघीय, प्रदेश र स्थानिय सरकार । तर, यी तिनै तहको सरकारबीच तालमेल भएको देखिन्न् । जस कारण विभिन्न विकासीय तथा अन्य कामकाजमा वाधा अवरोध सृजना हुने गरिन्छ । विभिन्न विकासीय कार्यमा तीनै तहको सरकारको तालमेल मिल्न नसक्दा ती कार्यहरु ओझेलमा समेत पर्ने गरेको छ ।

समन्वय नभएका कारण तीनै तहका सरकारले आफ्नै मनपर्दी काम गर्ने गरेको देखिन्छ । संघीय सरकारको मापदण्ड अनुरुप स्थानीय सरकारले कुनै काम गर्न स्विकृती दिएको देखिन्न् । घर निर्माणका क्रममा नक्सा पास गर्नुपर्ने मान्यता रहेको छ । तर, नक्सा पास गर्ने मापदण्डलाई स्थानिय सरकारले तलमाथी गरि गैरकानुनी रुपमा पास समेत गर्ने गरेका छन् । आफ्नो मान्छे वा रकमको चहलखेलमा त्यस्ता काम हुने गरेको छ । यस्तो किसिमको विकृतीलाई रोक्न कसैको कसैले आवाज उठाएपनि त्यसलाई स्थानिय सरकारका जनप्रतिनिधीहरुले दबाउने गरेका छन् ।

तसर्थ तीनै तहका सरकार एकआपसका परिपूरक हुन् । यसप्रति तीनै तहका सरकारले आत्मसाथ गरि चल्नु पर्ने हुन्छ । अनिमात्र कुनै पनि कार्यले मूर्त रुप पाउनसक्छ । यसका लागि सबैले खबरदारी समेत गर्नु आवश्यक रहेको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# नेपालको मानव विकास सूचकाङ्कमा सुधार, जोखिम कायमै

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

नेपालको मानव विकास सूचकाङ्कमा सुधार देखिएको छ । राष्ट्रिय योजना आयोगले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा सार्वजनिक गरिएको मानव विकास प्रतिवेदन, २०२० मा नेपालको अवस्थामा सुधार आएको हो ।

अर्थमन्त्री विष्णुप्रसाद पौडेल र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा पुष्पराज कँडेलले आइतबार संयुक्तरुपमा सार्वजनिक गर्नुभएको प्रतिवेदनमा नेपाल अब मध्यम मानव विकासको सूचकाङ्कको स्तरमा पुगेको उल्लेख गरिएको छ ।

यसअघि युएनडिपीकोतर्फबाट विश्वव्यापी मानव विकास प्रतिवेदन सार्वजनिक हुँदै आएको भए पनि नेपाल विशेष प्रतिवेदन प्रकाशन भने नियमितरुपमा प्रकाशित हुन सकेको थिएन । आयोगका अनुसार छ वर्षपछि नेपालले मानव विकास सूचकाङ्कसम्बन्धी प्रतिवेदन प्रकाशनमा ल्याइएको हो ।

प्रतिवेदन अनुसार लैङ्गिक विकास सूचकाङ्क, लैङ्गिक असमानता सूचकाङ्क र मानव विकास सूचकाङ्कमा नेपाल दक्षिण एशियाका केही देशभन्दा अगाडि रहेको र सरकारले गरेको लगानीको प्रतिफल देखिएको छ । स्तरोन्नतिका लागि प्रमुख मानिएको आय मापदण्डमा नेपाल पछाडि रहेको भए पनि मानव सम्पत्ति र आर्थिक जोखिमको दुई अत्यावश्यक मापदण्ड भने पूरा भएको छ । यति हुँदाहुँदै पनि केही जोखिम र चुनौती भने कायम रहेको प्रतिवेदनमा स्पष्ट पारिएको छ ।

नेपालको विशेषगरी ग्रामीण र शहरी क्षेत्र तथा प्रदेशबीच मानव विकासमा असमानता रहेको छ । स्तरोन्नतिको मापदण्डलाई आधार मानेर प्रदेशस्तरको तुलना गर्दा वाग्मती प्रदेशबाहेक अरु प्रदेश औसतभन्दा पछाडि रहेका छन् ।

आयको तुलनतामा प्रदेशबीच मानव सम्पत्तिमा भिन्नता रहेको छ । तर प्रदेश नं २ मानव सम्पत्ति निर्माण्मा पछाडि रहेको छ । वाग्मती प्रदेशको प्रतिव्यक्ति आय मात्र राष्ट्रिय औसतभन्दा माथि रहेको छ । कर्णाली प्रदेश, प्रदेश नं २, सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आय वाग्मती प्रदेशको प्रतिव्यक्ति आयको क्रमशः २९ प्रतिशत, ३३ प्रतिशत र ३१ प्रतिशत रहेको छ ।

अतिकम विकसित राष्ट्रका समावेशीकरण र स्तरोन्नति मापदण्डमा दुई लगातार त्रैवार्षिक समीक्षामा तीनमध्ये कम्तीमा पनि दुई वटा मापदण्डको थ्रेसहोल्ड पूरा गर्नुपर्ने हुन्छ । यस्तै प्रतिव्यक्ति आयको थ्रेसहोल्डभन्दा कम्तीमा दुई गुणा बढी भएमा एक मापदण्ड पूरा गर्दासमेत प्रर्पाप्त हुने देखिन्छ ।

जोखिमका हिसाबले नेपाल संवेदनशील अवस्थामा नै छ । वैदेशिक प्रत्यक्ष लगानीसहितको व्यापार र विकास वित्तमा अन्तरराष्ट्रिय सहयोग उपायमा मध्यम प्रभावको बाबजुद स्तरोन्नतिबाट केही क्षेत्रमा नकारात्मक प्रभाव पर्नसक्ने देखिएको छ ।

प्रमुख संरचनात्मक र संस्थागत अवरोध, नीति अन्तर र अन्य जोखिमले दिगो मानव विकास र स्तरोन्नतिप्रति ठूलो चुनौती स्वास्थ्य र शिक्षामा पहुँच र गुणस्तर, संरचनात्मक र स्थान विशेष अवरोध रहेको प्रतिवेदनमा समावेश गरिएको छ ।

त्यस्तै कम उद्यमशीलता क्षमता, ठूलो पूर्वाधारमा रहेको अन्तर र जानसाङ्ख्यिक लाभांश प्राप्त गर्न अक्षम रहेको उल्लेख छ । अर्थ व्यवस्थाको कम सकारात्मक परिवर्तनले उत्पादशील आधार अर्थ व्यवस्थाको क्षमता विकासमा बाधक देखिएकोसमेत प्रतिवेदनमा समेटिएको छ ।

उत्पादनका साधनमा स्वामित्व, सम्पत्तिमा पहुँच, अवसरमा पहुँच र वितरण लाभजस्ता विषयमा पनि असमानता छ । त्यस्तै श्रम बजार र रोजगारीको क्षेत्रमा पनि उच्च प्रकारका जोखिम रहेका छन् । मानव विकास र स्तरोन्नतिका लागि कोरोनाको प्रभाव पर्नसक्ने देखाएको छ ।

कोरोनाका कारण आगामी वर्षमा मानवीय सम्पत्ति र आर्थिक उपलब्धि थप जोखिममा पर्नसक्ने सङ्केत प्रतिवेदनमा समावेश गरिएको छ । अपर्याप्त स्वास्थ्य पूर्वाधार, मेडिकल आपूर्ति अवरोध र अन्य रोगबाट प्रताडित व्यक्तिलाई थप जोखिम रहेको उल्लेख गर्दै प्रतिवेदनमा गरिब घर परिवारका बालबालिका शारीरिक विकास र मस्तिष्क विकासको मामिलामा उच्च जोखिमको सामना गर्नुपर्ने तथा विद्यालय देशव्यापी बन्द भएपछि लाखौँ विद्यार्थीको शिक्षामा अवरोध आएको उल्लेख्य गरिएको छ ।

समस्या समाधानका लागि अल्पकालीन, मध्यकालीन एवं दीर्घकालीनरुपमा राहत तथा आर्थिक पुनरुत्थान उत्पादनशील रूपान्तरण जरुरी रहेको प्रतिवेदनले सुझाव दिएको छ । अर्थतन्त्रको उत्पादनशील रूपान्तरणको बाटोमा ठोस रूपमा अघि बढ्नुपर्ने, आपूर्ति र माग पक्ष दुवै ठूलो रणनीतिक परिवर्तन गर्ने, उच्च उत्पादन र उत्पादकत्व बढाउने कुरामा ध्यान दिन सुझाव दिइएको छ ।

उद्यमशीलता क्षमता र उत्पादन सम्बन्धसहित संस्थागत क्षमताको सुदृढीकरण गर्ने, उत्पादनशीलता अभिवृद्धि गर्न लैङ्गिक समानता, मानव संशाधन विकास र सुशासन जस्ता विषयमा ध्यान दिन सुझाव दिइएको छ ।

उत्पादक क्षमतासँग जोडेर लगानीको संरचनामा परिवर्तन ल्याउने, रोजगारी, ज्याला र वितरणात्मक प्रणालीबाट क्रयशक्ति बढाउने तथा उत्पादन सम्बन्धका साथै बजार सञ्जाललाई प्राथमिकता दिनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा अर्थशास्त्री डा डिल्लीराज खनालले जोखिम देखिएका क्षेत्रको सुधारमा सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा कँडेलले प्रतिवेदनले नेपालको वास्तविक अवस्थाको चित्रण गरेको भन्दै सुधार गर्नुपर्ने क्षेत्र तथा विषयमा सरकारले इमान्दार प्रयास गर्ने बताउनुभयो ।

अर्थमन्त्री पौडेलले प्रतिवेदनमा देखाइएका जोखिमलाई कम गर्दै त्यसमा दिइएका सुझावलाई सरकारले ग्रहण गरेर कार्यान्वयन गर्ने बताउनुभयो । उहाँले नेपालको समग्र विकास एवं मानव विकासको स्तरलाई माथि लैजानका लागि सरकारले चाल्नुपर्ने कदमका सम्बन्धमा सुझाव महत्वपूर्ण रहने विश्वास व्यक्त गर्नुभयो । उहाँले प्रतिवेदन तयार पार्ने समूहलाई समेत धन्यवाद दिनुभयो ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# नयाँ चालक अनुमतिपत्र अझै दुई महिना नखुल्ने

काठमाडौं, २८ मङ्सिर (रासस)।

नयाँ सवारी चालक अनुमतिपत्र अझै दुई महिना नखुल्ने भएको छ। झण्डै नौ महिनादेखि बन्द रहेको सेवा तत्काल खुलाउँदा धेरै सेवाग्राहीको भीड लाग्ने र सङ्क्रमण फैलनसक्ने भनी तत्काल नखुलाउने गरी छलफल अघि बढेको हो।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको यातायात व्यवस्था विभागले प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयसँगको छलफलमा तत्काल खुलाउन नहुने भनी अझै केही महिना रोक्ने गरी योजना बनाइएको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताउनुभयो। उहाँका अनुसार पुस र माघ महिनाभर अनुमतिपत्र खुला नगर्ने योजना बनाइएको छ। उहाँले भन्नुभयो, "त्यसपछिको अवस्था हेरेर निर्णय गरिनेछ।"

लामो समयसम्म अवरुद्ध भएकाले तत्काल खुलाउँदा सेवाग्राहीको धेरै भीड हुनसक्ने देखिएको प्रवक्ता डा भुसालले बताउनुभयो। नयाँ अनुमतिपत्रका लागि परीक्षा लिने र वितरणको काम प्रदेश सरकारले गर्ने भए पनि छाप्ने काम र त्यसको 'अनलाइन सिस्टम' विभागसँग हुन्छ। त्यसैले पनि प्रदेश सरकारले विभागसँगको समन्वयमा मात्रै नयाँ अनुमतिपत्र खुलाउने उहाँको भनाइ छ। धेरै सेवाग्राहीले 'अनुमतिपत्र कहिले खुल्छ' भन्दै विभागमा चासो राखेपछि सम्बन्धित प्रदेशमा नै बुझ्न भनिएको उहाँले बताउनुभयो।

प्रदेशले पनि हतारमा खुलाउनेभन्दा तत्काल स्वास्थ्य सुरक्षामा ध्यान दिनुपर्ने धारणा राखेका छन्। उहाँले भन्नुभयो, "सेवाग्राहीले हतार गरे पनि सङ्घीय सरकार र प्रदेश सरकार दुवैले अहिले नखुलाउने सोचेका छन्।" विश्वव्यापीरुपमा फैलिरहेको कोभिड-१९ सङ्क्रमण नेपालमा समेत देखिन थालेपछि सरकारले गत चैतमा बन्दाबन्दी लागू गर्ने निर्णय गरेको थियो। चार महिनासम्म ठप्प भएको सरकारी कार्यालय असारमा मात्रै खुलेका थिए। असारमा यातायात कार्यालयले नवीकरण र वितरण शुरु गरे पनि नयाँ चालक अनुमतिपत्रका लागि परीक्षा लिएका छैनन्।

विगतमा वर्षमा सेवाग्राहीले अनुमतिपत्र लामो समयसम्म नपाउने गरेकामा यो वर्ष भने विभागले पुरानो बाँकी अनुमतिपत्र छापिसकेको छ। विभागले 'मास प्रिन्टर' बाट झण्डै आठ लाख अनुमतिपत्र छपाइ गरेको थियो। पहिले सेवाग्राहीले लामो समय बिता पनि अनुमतिपत्र पाएका थिएनन् भने अहिले धेरैले चाहेर पनि अनुमतिपत्रका लागि परीक्षा दिन पाएका छैनन्। सवारी तालीम केन्द्रले भने अनुमतिपत्र चाँडै खुल्ने भन्दै प्रशिक्षण दिइरहेका छन्।

# आयुर्वेद अनुसन्धान केन्द्रमा रोपियो गुर्जोका ५०० बिरुवा

काठमाडौं, २८ मङ्सिर (रासस)।

राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालीम केन्द्र कीर्तिपुरमा औषधीय गुणले युक्त गुर्जोका ५०० बिरुवा रोपिएका छन्। राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्पराज कँडेलले कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै गुर्जोजस्ता औषधि गुणले युक्त वनस्पतिको प्रवर्द्धन गरिनुपर्ने, यसबाट औषधि बनाएर विदेशमा समेत निर्यात गर्न सकिने भएकाले कार्यक्रमलाई अन्यत्र पनि विस्तार गर्न सकिने उहाँको भनाइ थियो।

संस्कृतमा अमृता अर्थात् अमृतका रुपमा व्याख्या गरिएको गुर्जोको नेपालका पहाडी भेगमा समेत प्रशस्त पाइने भए पनि पछिल्लो समय औषधिका रुपमा उपयोग हुनेक्रम घटेको थियो। गत वर्ष चैतमा कोरोना महामारी फैलिएपछि भने गुर्जोलाई नयाँपुस्ताले समेत औषधिका रुपमा चिनेका छन्।

सो अवसरमा १५७ किलो गुर्जोको काँचो टुक्रा डाँठ केन्द्रका कार्यकारी निर्देशक डा. रामआधार यादवलाई प्रदान गरिएको थियो। कार्यक्रममा यादवले गुर्जोबाट बनेको चिया गर्भवती महिला र पाँच वर्ष मुनिका बालबालिका बाहेक अरुले सेवन गर्न हुने बताउनुभयो। गुर्जो रोपण कार्यक्रममा कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन लगायत स्थानीयवासी पनि सहभागी हुनुभएको थियो। नगर प्रमुख महर्जनमार्फत कीर्तिपुरवासीलाई दुई हजार गुर्जोका बिरुवा हस्तान्तरण गरिएको छ।

केन्द्र परिसरमा रोपिएका करिब ५०० बिरुवा देशव्यापीरुपमा गुर्जो वितरण अभियानमा लाग्नुभएका अभियानकर्मी एवं आन्तरिक राजश्व कार्यालय धुलिखेलमा प्रमुख कर अधिकृतका रुपमा कार्यरत कमलबहादुर राजलवटले उपलब्ध गराउनुभएको हो।

राजलवटले यसअघि आन्तरिक राजश्वको लहान कार्यालय प्रमुख रहनुहुँदा त्यहाँको सरकारी आवास क्षेत्रमा लगाउनुभएका बिरुवा देशव्यापीरुपमा वितरण गर्नुभएको थियो। हालसम्म देशभर एक लाख ४० हजारभन्दा बढी बिरुवा वितरण गरिएको उहाँले सुनाउनुभयो।

यसैगरी नयाँबानेश्वरस्थित सचेतनामार्गमा पनि ३०० गुर्जोका बिरुवा वितरण गरिएको छ। पूर्वउपप्रधानमन्त्री प्रकाशमान सिंहले त्यस क्षेत्रमा गुर्जोका बिरुवा स्थानीयवासीलाई हस्तान्तरण गर्नुभएको हो।

कीर्तिपुर र नयाँबानेश्वरमा समेत भएको कार्यक्रममा उपस्थितलाई गुर्जोको धुलो र चियासमेत वितरण गरिएको अभियानकर्मी राजलवटले जानकारी दिनुभयो। आयुर्वेद शास्त्रको 'यस्य देशस्य यो जन्तो : तस्य तद् औषधं हितम्' अर्थात् जुन स्थानमा व्यक्ति जन्मन्छन् तिनलाई औषधिको काम गर्ने वनस्पति त्यहीँ हुन्छ।

नेपालमा धेरै वनस्पति पाइने भए पनि पछिल्लो समय मानिसले बिर्सदै गएकाले चेतना जगाउने कामका रुपमा पनि गुर्जो वितरण अभियानलाई अघि बढाइएको जीवन विज्ञानका प्रशिक्षक रामप्रसाद पन्थीले बताउनुभयो। अभियानकर्मी राजलवटलाई प्रशिक्षक पन्थीका साथै राष्ट्रिय योजना आयोगका सहसचिव एवं योग प्रशिक्षक किशोर जोशीले समेत साथ दिँदै आउनुभएको छ।

# नौ महिनापछि काठमाडौं-दिल्ली उडान

काठमाडौं, २८ मङ्सिर (रासस)।

कोभिड-१९ महामारीका कारण प्रतिबन्ध गरिएको नेपाल-भारत उडान करिब नौ महिनापछि पुनःसञ्चालन गरिने भएको छ। आगामी पुस २ गतेदेखि काठमाडौं-नयाँदिल्ली उडान सञ्चालन गरिने भएको हो। काठमाडौं-नयाँदिल्ली गन्तव्यमा दुवै देशले दैनिक दुई उडान भर्नेछन्। दुवै पक्षका सरकारले 'एयर ट्रान्सपोर्ट बबल संयन्त्र' को अवधारणाअन्तर्गत काठमाडौं र दिल्लीबीच नियमित निर्धारित उडान पुनःशुरु गर्न अनुमोदन गरिएको नेपालस्थित भारतीय राजदूतावासले जनाएको छ।

नेपालको राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र भारतको एयर इण्डियाले दैनिक उडान गर्नेछन्। नेपाल एयरलाइन्सले बन्दाबन्दीका कारण विसं २०७६ चैत १० (२३ मार्च सन् २०२०) गतेदेखि काठमाडौं-दिल्ली उडान स्थगित भएको थियो। कोभिड महामारी नियन्त्रणका लागि गत चैत ११ गतेदेखि देशभर लागू गरिएको बन्दाबन्दी र त्यसपछिको निषेधाज्ञाका कारण करिब छ महिनापछि गत भदौ १६ देखि नियमित अन्तरराष्ट्रिय उडान शुरु भएको थियो। कोरोना सङ्क्रमणदर उच्च रहेकाले भारतका तीनवटै गन्तव्य नयाँ दिल्ली, मुम्बई र बैङ्लोरको उडान प्रतिबन्ध थियो। यही मङ्सिर १० को मन्त्रिपरिषद् बैठकले भारतले प्रस्ताव गरेको 'एयर बबल मोडल' लाई स्वीकार गर्ने निर्णय गरेको थियो।

भारतीय दुतावासले जारी गरेको एयर ट्रान्सपोर्ट बबल अवधारणाअनुरुप नेपाल एयरलाइन्सले उडान सञ्चालनको सम्पूर्ण तयारीका साथ बुकिङ खुला गरिसकेको छ। भारतीय एयरलाइन्सले पनि आइतबारदेखि काठमाडौं उडानका लागि बुकिङ शुरु गरेको जनाएको छ।

काठमाडौं-दिल्ली हालका लागि आगामी पुस २ गतेदेखि दैनिक दुई उडान गर्नेगरी बुकिङ शुरु भइसकेको नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का उपमहानिर्देशक राजकुमार क्षेत्रीले जानकारी दिनुभयो। उहाँका अनुसार नेपाल एयरलाइन्सले काठमाडौंबाट दिल्ली एक उडान र इण्डियन एयरले दिल्लीबाट काठमाडौं एक उडान भर्नेछन्। यी उडानमा नेपालतर्फ यात्रुले ७२ घण्टे पिसिआर रिपोर्ट पेश गर्नुपर्नेछ भने भारतबाट आउँदा त्यहाँ अनलाइन फाराम भर्नुपर्ने प्रावधान छ।

भारतसहित नेपालबाट हुने सबै अन्तरराष्ट्रिय गन्तव्यमा उडान खुला गरिएको प्राधिकरणले जनाएको छ। अहिले बङ्गलादेश, भूटान र थाइल्याण्डले काठमाडौं उडान गरेका छैनन् अरु सबै गन्तव्यमा उडान सञ्चालन भइरहेको छ। नेपालका तीनसहित २९ वायुसेवा प्रदायक कम्पनीले १६ मुलुकका गन्तव्यमा अन्तरराष्ट्रिय उडान भर्दै आएका छन्।

**निगमको तयारी तीव्र**

नेपाल एयरलाइन्सले काठमाडौं-दिल्ली उडानको तयारी तीव्र पारेको छ। नेपाल एयरलाइन्सको अन्तरराष्ट्रिय उडान गन्तव्यको व्यापारिक हिसाबले भारतका गन्तव्य निकै राम्रो मानिन्छ। लामो समय उडान नहुँदा निगमलाई आर्थिकरुपमा निकै घाटा भएको छ। सामान्य अवस्थामा काठमाडौं-दिल्ली दैनिक दुई उडान हुन्थ्यो। कोभिड महामारीकैबीच अहिले दैनिक एक उडान हुनलागेको हो।

नेपाल एयरलाइन्सको उडान समय काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट बिहान ११:२० का लागि उडान तालिका निर्धारण गरिएको छ। बिहान ११:०० बजेका लागि उडान अनुमति मागेकामा २० मिनेट ढिलागरी भारतीय पक्षबाट उडान अनुमति दिएको नेपाल एयरलाइन्सले जनाएको छ। यो गन्तव्यको उडानमा नेपाल एयरलाइन्सका वाइडबडी ए-३३० र वाइडबडी ए-३२० जहाजले आलोपालो गरेर उडान भर्नेछन्। यात्रुको मागबमोजिम दुवै जहाजले उडान गर्ने योजना रहेको नेपाल एयरलाइन्सका प्रवक्ता करिस्मा श्रेष्ठले जानकारी दिनुभयो।

भारतले आयोजना गरेको बबेल अवधारणाबाट निगम निकै उत्साहित भएर उडानको तयारी सकेको भन्दै प्रवक्ता श्रेष्ठले भारतका अन्य दुई गन्तव्यमा पनि विगतमा झैं उडान हुने अपेक्षा गरिएको बताउनुभयो। निगमले भारतका तीनसहित सात देशका नौ गन्तव्यमा अन्तरराष्ट्रिय उडान भर्दै आएको छ। कम्पनीसँग अन्तरराष्ट्रिय उडानका लागि दुई थान वाइडबडी र दुई थान न्यारोबडी जहाज छन्।

## विश्व समाचार

### लाहोरको प्रदर्शन रोक्न सरकारद्वारा लकडाउन घोषणा

इस्लामावाद, २८ मङ्सिर (रासस/एएनआई)।

पाकिस्तानको लाहोरमा यहाँको सरकारले लकडाउनको घोषणा गरेको छ। पञ्जाजको प्रान्तीय सरकारले लाहोरका विभिन्न १३ स्थानमा कडा खालको लकडाउनको घोषणा गरेको छ। सो व्यवस्थाअनुसार यहाँको सरकारले ती स्थानमा गएराति देखि यही डिसेम्बर २५ सम्मका लागि मानिस जम्मा हुन नपाइने गरी लकडाउनको व्यवस्था गरेको हो। आइतबार लाहोरमा पाकिस्तानको सरकारका विरुद्धमा यहाँका विपक्षीहरुले विरोध प्रदर्शन गर्ने तयारी गरेका छन्। उनीहरुले यस विरोध प्रदर्शनले सरकारलाई नैतिक प्रश्न उठाउने बताएका थिए।

उता प्रधानमन्त्री इमरान खानले भने विरोध जुलुश ननिकाल्न अनुरोध गर्नुभएको थियो। विपक्षीले भने सो विरोध प्रदर्शन नरोक्ने बताएका थिए। यहाँका विभिन्न ११ ओटा विपक्षीले आन्दोलनलाई जारी राख्ने बताएका छन्। राजनीतिक दलले जुलुश नरोक्ने बताएपछि प्रधानमन्त्री खानको आदेशमा यहाँको प्रान्तीय सरकारले लाहोरका विभिन्न १३ स्थानमा सार्वजनिक स्थानमा मानिस जम्मा हुन नपाइने गरी लकडाउन गर्ने घोषणा गरेको हो। सो विरोध प्रदर्शनको नेतृत्व पाकिस्तानका प्रमुख विपक्षी दल पिपिपिका अध्यक्ष विलावल भुट्टोले गर्नुभएको छ। उहाँले यो सरकारका विरुद्धमा कराँची, पेशावर र गुजरनवालामा जस्तै लाहोरमा हुन लागेको यो प्रदर्शनबाट पनि सरकारलाई धक्का दिइने दाबी गर्दै आउनुभएको छ। सरकारले भने पछिल्लो समयमा पाकिस्तानमा कोभिड-१९ को असर निकै बढ्दै गएकाले यसले झन् सङ्क्रमण बढ्ने भन्दै देशमा ठूलो संख्यामा जुलुश ननिकाल्न बताउदै आउनुभएको हो। पाकिस्तानमा वर्तमान सरकारका विरुद्धमा विभिन्न ११ वटा विपक्षी दलले आन्दोलनलाई जारी राखेका छन्। ती विपक्षी दलले आइतबार पाकिस्तानको लाहोरमा विशाल जुलुश निकाल्ने तयारी विगत देखि नै गर्दै आएका हुन्। पकिस्तानमा कोभिडको दोस्रो लहर आएको बताएको छ। यसरी एकातिर देशमा कोभिडको समस्या रहेको छ भने अर्कातर्फ विपक्षी दलले आन्दोलन जारी राखेकाले सरकार समस्यामा परेको बताइएको छ। पाकिस्तानमा अस्पतालमा बेड पाउन समस्या हुन थालेको छ भने दिनप्रतिदिन सङ्क्रमित बढ्दै गएको बताइएको छ। सरकारले यस्तो महामारीको समयमा विपक्षी दलले सरकारका विरुद्धमा आन्दोलन गर्नु जायज नभएको सरकारको भनाइ छ। आइतबार लाहोरमा हुने यस आन्दोलनमा पनि सरकारले लकडाउन गरेपछि झडप पनि हुन सक्ने बताइएको छ।

### राष्ट्रपति ट्रम्प समर्थित जुलुसमा हिंसा

वासिङ्टन, २८ मङ्सिर (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको समर्थनमा शनिबार निस्केका जुलुसमा छुरा प्रहार र गोली चलेको छ। चुनावमा धाँधली भएको भन्दै राष्ट्रपति ट्रम्पले निरन्तर आक्रोश व्यक्त गरिरहेको अवस्थामा उहाँको भनाइमा समर्थन जनाउँदै देशका विभिन्न शहरमा शनिबार प्रदर्शन भएका थिए। राष्ट्रपतिको समर्थन र विपक्ष दुवैतर्फ प्रदर्शन हुन थालेका छन्। राष्ट्रपति ट्रम्पको विरोधमा पनि प्रदर्शन भएका छन्। गत नोभेम्बर ३ मा भएको चुनावमा डेमोक्रेटिक पार्टीका उम्मेदवार जो बाइडन विजयी हुनु भएको छ तर राष्ट्रपति ट्रम्पले अझै पनि हार स्वीकार्नु भएको छैन। वासिङटन राज्यको प्रहरीले ट्वीट गर्दै राज्यको राजधानी ओलम्पिया नजिक भएको पक्ष र विपक्षबीचको जुलुसमा गोली चलेको जनाएको छ। प्रहरीले एक जना शंकास्पद व्यक्तिलाई गिरफ्तार गरेको छ। अमेरिकी राजधानी वासिङ्टन डिसीमा चार जना व्यक्तिमाथि छुरा प्रहार भएको र उनीहरु अस्पतालमा भर्ना भएका छन्। घाइते चारै जनाको स्वास्थ्य अवस्था गम्भीर रहेको छ। अमेरिकी अखबार न्यूयोर्क टाइम्सले उक्त घटनामा संलग्न रहेको आशंकामा २३ जनालाई पक्राउ गरिएको जनाएको छ। राष्ट्रपति ट्रम्पको पक्षमा ओलम्पिया, एटलान्टा र मिनेसोटाको सेन्ट पल, नेब्रास्का, अलाबामा र देशका अन्य भागमा पनि प्रदर्शन भएका छन्। राजधानी वासिङटन डिसीमा भेला भएका प्रदर्शनकारीले आफूहरु राष्ट्रपति ट्रम्पको पक्षमा निरन्तर जुलुसमा सहभागी हुने एएफपीलाई बताएका छन्।

डिसीको प्रदर्शनमा सहभागी एक जना प्रदर्शनकारी ल्युक विल्सनले आफूहरु कुनै पनि हालतमा पछि नहट्ने बताउनुभयो। राष्ट्रपतिको निर्वाचनमा जो बाइडेनले ३०६ इलेक्टोरल मत प्राप्त गर्नु भएको छ भने राष्ट्रपति ट्रम्पले २३२ मत प्राप्त गर्नु भएको छ। राष्ट्रपति ट्रम्पले चुनावमा व्यापक धाँधली भएको जनाउँदै निरन्तर आलोचना गरिरहे पनि राज्यका कैयौं निकाय र अदालतले ट्रम्पको दाबीलाई अस्वीकार गरेका छन्। पछिल्लो पटक अमेरिकी सर्वोच्च अदालतले पनि राष्ट्रपति ट्रम्पका तर्फबाट टेक्सासका महान्यायाधीवक्ताले चारवटा राज्यको मतगणना खारेज गर्न दिएको निवेदन खारेज गरिदिएको छ। राष्ट्रपति ट्रम्पले विस्कन्सिन, पेन्सिल्भेनिया, जर्जिया राज्यका लाखौं मतपत्र फर्जी भएको भन्दै त्यसलाई गणना नगर्न दबाब दिइरहनु भएको छ।

### काबुलमा सांसदको सवारी साधनलक्षित विस्फोट दुईको मृत्यु

काबुल, २८ मङ्सिर (रासस/सिन्हवा)।

अफगानिस्तानको राजधानी काबुलमा एक सांसदको सवारी साधनलाई लक्ष्यगरी गरिएको बम विस्फोटमा परी कम्तीमा दुई व्यक्तिको मृत्यु हुनुको साथै अन्य दुई घाइते भएका प्रहरी स्रोतले आइतबार जानकारी दिएको छ। राजधानीको उत्तर इलाकाको खाइर खान मिना क्षेत्रमा रहेको होटेल इ पर्वान इलाकामा स्थानीय समयानुसार आइतबार बिहान ७:३० बजे सो विस्फोट भएको थियो। यस विस्फोटमा परी दुई व्यक्तिको मृत्यु हुनुको साथै अन्य दुई घाइते भएका प्रहरी प्रवक्ताले सिन्हवा समाचार समितिलाई बताउनु भएको छ। सांसद तावफिक वाहदातको सवारी साधनलक्षित सो बम आक्रमण भएको थियो। आक्रमणको समयमा सांसदका भाई सवारी साधनमा सवार रहेका उनी घाइते भएको जनाइएको छ। आक्रमणको बेलामा सांसद आफैं भने सो सवारी साधनमा सवार रहनु भएको थिएन। यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मा भने लिएको छैन। गएको केही वर्षयता करिब ५० लाख जनसंख्या रहेको अफगानिस्तानको राजधानी काबुल तालिबान र इस्लामिक स्टेट्सजस्ता आतङ्ककारी समूहले बारम्बार आतङ्ककारी आक्रमण गर्दै आएका बताइएको छ।

# प्रदेश स्तरीय क्रिकेटमा सप्तरी र पर्सा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

धनुषाको जनकपुरमा संचालित प्रदेश नं. २ स्तरीय पुरुष तर्फको क्रिकेट प्रतियोगिता अर्न्तगत सप्तरीले महोत्तरीलाई ७ बिकेटले पराजित गरेको छ भने पर्साले सर्लाहिलाई ७ बिकेटले पराजित गरेको छ ।

जनकपुरको बाह्रबिघा मैदानमा सप्तरीले टस जिती ब्याटिंगको लागि महोत्तरीलाई निम्तो दिएपछि महोत्तरीले रवी सिंहको सतकिय पारीको मद्दतले निर्धारित ४५ ओभरको खेलमा ७ बिकेट गुमाई २ सय २२ रनको योगफल तयार पारेको थिया । रवि सिंहले आर्कषक ब्याटिंग गर्दै ८६ बलमा ५ छक्का र १० चौकाको मद्दतले नटआउट रहि १ सय ८ रनको योगदान दिएका थिए । यस्तै राजकुमार साहानी २६, आदित्य झा २१ र शौरभ नागबन्सीले २० रनको योगदान दिएका थिए ।

यता बलिङतर्फ सप्तरीका रोहित सिंह, अनुज यादव, महवुव आलम, रोबिन सिंह, बिकास दास र राहुल मण्डलले १/१ बिकेट लिएका थिए ।

२ सय २३ रनको बिशाल लक्ष्य लिई मैदानमा ओर्लेको सप्तरीले महवुव आलम र आशिष झाको उत्कृष्ट ब्याटिंगका कारण उक्त लक्ष्य सजिलै २६ ओभर ३ बलमै ३ बिकेटको नोक्सानीमा प्राप्त गरेको थियो । जसमा महवुव आलमले सतकिय पारी खेल्दै बिस्फोटक ४७ बलमा ८ चौक्का र १० छक्काको मद्दतले नटआउट रहि १ सय १ रनको योगदान दिएका थिए भने आशिष झाले ५० बलमा ५ चौक्का र ४ छक्काको मद्दतले ६३ रनको योगदान दिएका थिए ।

यता बलिङतर्फ महोत्तरीका मो. युसुफ, राहुल प्रताप सिंह र पुरज ढुंगेलले १/१ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच बिष्फोटक ब्याटिंग गरेका सप्तरीका कप्तान महवुव आलम घोषित भए ।

यता प्रतियोगिता अर्न्तगत आईतवारै बाराको सिद्धेश्वरमा संचालित अर्को खेलमा पर्साले सर्लाहिलाई ७ बिकेटले पराजित गर्दै बिजयी शुरुवात गरेको छ ।

सर्लाहिले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गरेपछि ब्याटिंग गर्न ओर्लेको सर्लाहिले निर्धारित ५० ओभरको खेलमा ३२ ओभर ५ बलमा आफना सम्पुर्ण बिकेट गुमाई ९२ रनमै समेटिएको थियो । सर्लाहिका लागि सुधिर चौधरीले ५९ बलमा १ चौक्का र १ छक्काको मद्दतले २७ तथा सोहन यादव १६ र पप्पु दासले नटआउट रहि १६ रनको योगदान दिएका थिए । बलिङतर्फ पर्साका सैफुल्लाह अंसारीले उत्कृष्ट बलिंग गर्दै ६ ओभर ५ बलमा १ मेडन सहित ११ रन दिई ३ बिकेट लिएका थिए भने समसाद अंसारीले ३ तथा सम्साद मंसुरीले २ बिकेट लिएका थिए ।

९३ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको पर्साले उक्त लक्ष्य १६ ओभर ३ बलमा ३ बिकेटको नोक्सानीमा भेटाएको थियो । पर्साका लागि सन्तोष कार्किले नटआउट रहि ४६ बलमा ५ चौक्का र १ छक्काको मद्दतले ३६ रन तथा सुरज प्रसाद कुर्मिले २० र सैफालि हवारीले नटआउट रहि २० रनको योगदान दिएका थिए । बलिङतर्फ सर्लाहिका मेराज मिकरानीले २ तथा गुलसन झाले १ बिकेट लिएका थिए । उत्कृष्ट बलिङ गरे वापत पर्साका सैफुल्लाह अंसारी म्यान अफ द म्याच भएक थिए ।

# बिद्यालयहरुलाई कोभिड १९ बाट जोगिन स्वास्थ्य सामग्री सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

कोरोना भाइरस महामारीको बेलामा सप्तरीको विष्णुपुर गाउँपालिकाका बिद्यालयहरु संचालनमा रहेको भन्दै आइतबार ती विद्यालयहरुलाई स्वास्थ्य सम्बन्धि सामग्री बितरण गरिएको छ ।

सेभ द चिल्ड्रेन र सेभ द सप्तरीको आर्थिक सहयोगमा संचालित समुन्नती कार्यक्रम अर्न्तगत सो गाउँपालिकाका १७ वटा समुदायिक बिद्यालयलाई सरसफाई तथा कोभिड १९ बाट बच्न स्वास्थ्य सामग्री बितरण सेभ द सप्तरीका शिक्षा अधिकृत दुर्गानन्द शर्माले जानकारी दिएका छन् ।

सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देवको अध्यक्षतामा सम्पन्न स्वास्थ्य समाग्री बितरण समारोहमा प्रत्येक बिद्यालयलाई थरमोगन १ थान, स्प्रे पम्प १ थान, सेनिटाइजर, कोभिड १९ संग सम्बन्धित चेतनामुलक पोष्टर, किटाणु मार्ने औषधि लगायतका स्वास्थ्य सामग्री बितरण गरिएको हो ।

बितरण कार्यक्रममा बिष्णुपुर गाउँपालिकाका शिक्षा संयोजक रामेन्द्रनाथ यादव र सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरीको उपस्थित रहेको थियो ।


# सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*